# सक्षम र नेपाल इन्भेष्टमेन्ट बैकंबिच सुदुर र मध्य पश्चिममा वित्तिय सेवा विस्तार गर्ने सम्झौता

ज्येष्ठ ५, २०७३, सक्षम एक्सेस टु फाईनान्स कार्यक्रम र नेपाल इन्भेष्टमेन्ट बैकंले एक कार्यक्रमबिच सुदुर र मध्य पश्चिममा वित्तिय सेवा विस्तार गर्ने सम्झौतामा हस्ताक्षर गरेका छन् । सक्षमको आर्थिक तथा प्राविधिक सहयोगमा बैकंले कालिकोटको नाङ्मामा एक्सटेन्सन काउन्टर खोल्ने र अछाम, बझाङ, बाजुरा, दार्चुला र डोटीमा २८ शाखारहित बैकिङ इकाई खोल्नेछ ।

एक्सटेन्सन काउन्टरको उद्घाटनसगैं नेपाल इन्भेष्टमेन्ट बैकं कालिकोटमा वित्तिय सेवा पुऱ्याउने पहिलो निजि बाणिज्य बैकं बन्नेछ । बैकंको उपस्थितिपछि नाग्मा बजार, कालिकोटमा बचत,ऋण, विप्रेषणको साथै अन्य वित्तिय सेवाहरु उपलब्ध हुनेछन् । साथै, शाखारहित बैकिङ इकाइ मार्फत पाचँ जिल्लाका शहरोन्मुख र ग्रामिण क्षेत्रमा वित्तिय पहुँचको विस्तार पुग्नेछ । शाखारहित बैकिङसेवाको विस्तार सक्षम कार्यक्रमको शाखारहित बैकिङ मार्फत वित्तिय पहुँच विस्तार गर्ने पहल अन्तर्गत हुन लागेको हो । सक्षमको आर्थिक सहयोगमा विभिन्न बाणिज्य बैकंहरुले भुकम्प प्रभावित १४ जिल्ला र मध्य र सुदुर पश्चिममा ४१४ शाखारहित बैकिङ इकाइहरुको स्थापना गर्न लागेका छन् ।

कार्यक्रममा बोल्दै सक्षमका टिम लिडर श्री बलजित बोहराले नेपाल इन्भेष्टमेन्ट बैकंसगँ सहकार्य गर्न पाउदाँ खुशी व्यक्त गर्नुभयो । साथै एक्सटेन्सन काउन्टर र शाखारहित बैकिङ इकाइको स्थापनाले स्थानियको वित्तिय सेवामा पहुँच बढ्ने विश्वास व्यक्त गर्नु भयो ।

बैकंका प्रमुख कार्यकारी अधिकृत श्री ज्योति प्रकाश पाण्डेले मध्य तथा सुदुर पश्चिममा वित्तिय सेवा विस्तार गर्न आफुहरु उत्साहित भएको बताउनु भयो । पाण्डेल बैकंले अन्य भागमा पाएको सफलता जस्तै यो विस्तार पनि सफल हुने विश्वास व्यक्त गर्नु भयो ।

सक्षम एक्सेस टु फाइनान्स कार्यक्रम (Sakchyam- Access to Finance Programme) बेलायत सरकार र नेपाल सरकार बीचको द्धिपक्षिय सहयोगमा लुइस बर्जर (Louis Berger) द्धारा अन्य संस्थासगँको सहकार्यमा नेपालमा कार्यान्वयन भईरहेको छ ।